आ.व २०८२-८३

समय- विहान ८ बजे

बैठक संख्या:०९

स्थान: गाउँकार्यपालिकाको कार्यालय

आज मिति २०८२ पौष १४ गते सोमबारको दिन यस कुम्मायक गाउँपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावती ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क्र सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वंम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री देवेन्द्र कुमार लावती | १ नं वडाध्यक्ष | |
| ४ | श्री वालकृष्ण शेर्मा | २ नं वडाध्यक्ष | |
| ५ | श्री बाबुराम कार्की | ३ नं वडाध्यक्ष | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | ४ नं वडाध्यक्ष | |
| ७ | श्री निर्मल राज घिमिरे | ५ नं वडाध्यक्ष | |
| ८ | श्री गंगा देवि बोहोरा | का.पा सदस्य | |
| ९ | श्री बेद माया चापागाइ | का.पा सदस्य | |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | का.पा सदस्य | |
| ११ | श्री धनमाया तामाङ्ग | का.पा सदस्य | |
| १२ | श्री डिक बहादुर दर्जी | का.पा सदस्य | |
| १३ | श्री लक्ष्मी नेपाली | का.पा सदस्य | |
| १४ | श्री जय नारायण खनाल | प्र प्र अ | |
| अन्य उपस्थिति | | | |
| १५ | श्री सागर बस्नेत | प्रशासन शाखा प्रमुख | |
| १६ | श्री साबेन खातेवडा | कृषि शाखा प्रमुख | |
| १७ | श्री अर्पना पोंवाक लिम्बू | [illegible] | |
| १८ | श्री रजत बुढाथोकी | सू.प्र. अधिकृत | Rajat |

१९. श्री [illegible] श्रेष्ठ [illegible]

प्रस्तावहरुः

१. आ.व २०८३/८४ का लागि संघीय समपुरक अनुदान तथा संघीय विषेश अनुदान अन्तर्गतका योजना छनोट सम्बन्धमा
२. हिउँदे गाउँसभा सम्बन्धमा
३. सरुवा सहमति सम्बन्धमा
४. अध्ययन विदा स्वीकृत सम्बन्धमा
५. प्रशासकीय भवनको DPR रिपोर्ट सम्बन्धमा
६. घ वर्ग ईजाजत पत्र सम्बन्धमा
७. विविध

निर्णयहरुः

१. आ.व २०८३/८४ का लागि संघीय समपुरक अनुदान तथा संघीय विषेश अनुदान अन्तर्गतका तपसिलको योजना छनोट गर्ने निर्णय गरियो।

| क्र.सं | योजनाहरु | अनुदान शिर्षक | आयोजना स्थल |
|---|---|---|---|
| १ | कविलाले ताम्राखु हात्ती पोखरी तमोर कोरिडोर सडक स्तरोन्नती क्रमागत योजना | संघीय समपुरक | वडा नं ३ |
| २ | चौथी बजार पूर्वधार निर्माण योजना | संघीय समपुरक | वडा नं २ |
| ३ | महेन्द्रोदय मा. वि. ८ कोटे भवन निर्माण | संघीय समपुरक | वडा नं ५ |
| ४ | देउराली यासोक खानेपानी निर्माण | संघीय विषेश | वडा नं १ |
| ५ | कुम्मायक आधारभूत अस्पताल उपकरण तथा प्रयोगशाला सामाग्री खरिद | संघीय विषेश | वडा नं १ |
| ६ | तिल्केनी आ. वि घेराबारा निर्माण | संघीय विषेश | वडा नं ४ |

२. आ.व ०८२/८३ को हिउँदे गाउँसभा मिति २०८२ साल पौष २९ गते कुम्मायक गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो।

३. यस गाउँपालिकामा हाल सव इन्जिनियर पदमा कार्यरत कर्मचारी १. प्रकाश पाण्डेय (क.स.नं२४१७५२ ) र २. अशोक खड्का(क.स.नं २४३३७० ) लाई स्थानीय सरकारी सेवा (गठन तथा संञ्चालन )ऐन २०८० को दफा २४ को उपदफा (४) बमोजिम सुरुवा भई जाँदा कार्यालयको सेवा प्रवाहमा कुनै प्रकारको वाधा नहुने हुँदा सरुवा सहमति प्रदान गर्ने निर्णय गरियो।

४. यस गाउँपालिकामा कार्यरत कृषि सेवा भेटेरीनरी समुह सहायक स्तर पाँचौ तहको पशु स्वास्थ्य प्राविधिक श्री कपिल देव मल्लले पुर्व स्वीकृत लिई B.V.Sc & A.H. शैक्षिक कार्यक्रम (स्नातक स्तर) मा निजी प्रयासमा अध्ययन गर्न परिक्षामा सहभागी भई प्रवेश परीक्षामा उत्तीण भएको पत्र पशु विज्ञान पशु चिकित्सा र मत्स्य

जयनारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

विज्ञान संकाय रामपुर चितवनबाट च.नं २१४/०८२/८३ मिति २०८२/०९/०८ को पत्रानुसार जानकारी भयो। स्थानीय सरकारी सेवा (गठन तथा संञ्चालन )ऐन २०८० को दफा १२४ बमोजिम अध्ययन भ्रमणको अवधि गणना गर्ने गरी मिति २०८२/०९/१४ गते देखि ५ वर्ष सम्म बेतलबी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो।

५. गाउँपालिकाको प्रशासकीय भवनको planning स्वीकृत गर्ने निर्णय गरियो।

६. हिमाल केली निर्माण सेवा प्रा.लिले पेश गरेको कागजात बमोजिम कुम्मायक गाउँपालिकाको घ वर्ग इजाजतपत्र वितरण कार्यविधि २०७४ तथा प्रविधिक रिपोट अनुसार इजाजपत्र प्रदान गर्ने निर्णय गरियो।

७. क) कुम्मायक गाउँपालिकाको क्षेत्रभित्र नक्सापास नगरी बनाइएका घरहरुको अभिलेखिकरण कार्य अंशवण्डा प्रयोजनाको लागि सम्बन्धित वडाको सिफारिस अनुसार अभिलेखिकरण कार्य गर्ने निर्णय गरियो।

ख) बिषयगत समितिहरु अन्तर्गत विधायन समितिको सदस्य सचिव पदमा राजस्व शाखा प्रमुख तथा उजुरी प्रशासक श्री अनिश ढकाललाई मनोनयन गर्ने निर्णय गरियो।

ग) कोशी प्रदेश सरकारबाट जारी स्थानीय सरकारी सेवा (गठन तथा संञ्चालन) ऐन २०८० को दफा १४४ को उपदफा (३) बमोजिम यस गाउँपालिकामा कार्यरत अस्थायी तथा करारका कर्मचारीहरुलाई यस आ.वको सुरुवात देखि नै लागु हुने गरी स्थायी कर्मचारी सरह मासिक रु.५०००/- मंहगी भत्ता उपलब्ध गाराउने निर्णय गरियो।

घ) स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि २०८२ को दफा ६ को उपदफा (३) बमोजिम यस गाउँपालिकाको सूचना प्रविधि अधिकृत श्री राजत बुढाथोकीलाई नेपाल सरकारको अधिकृत स्तर सातौं तहको शुरु तलब स्केल यस आ.वको माघ महिना देखि उपलब्ध गराउने निर्णय गरियो।

ङ) कुम्मायक गाउँपालिका कृषि विकास शाखालाई आ.व. २०८२/०८३ मा संघीय सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तानतरण भएको आ.व. २०८१/०८२ मा स्थापना भएको पकेट विकास कार्यक्रमको निरन्तरता संचालन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (हाल राष्ट्रिय कृषि आधुनीकिकरण कार्यक्रम) परियोजना कार्यान्वयन म्यानुअल २०७७, पहिलो संशोधन-२०८१ को परिच्छेद-४ को ४.१.५ मा भएको व्यवस्था बमोजिम गत आ.व. २०८१/०८२ मा नयाँ मकैबाली पकेट स्थापना कार्यक्रम कार्यान्वयन गरेको कुम्मायक-२ धुपिङ मा अवस्थित सिर्जनशील कृषि तथा पशुपंक्षी कृषक समूहलाई नै पकेट निरन्तरता कार्यक्रम संचालन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

च) कुम्मायक गाउँपालिका कृषि विकास शाखालाई आ.व. २०८२/०८३ मा संघीय सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तानतरण भएका कृषि विकाश तर्फका कार्यक्रमहरुको लाभग्राही छनोट प्रयोजनको लागि आर्थिक विकास समितिले पारित गरी स्वीकृतिका लागि पेश गरेको तपशिल अनुसारको प्रस्ताव छनोटका लागि मूल्याङ्कनका आधार/मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

१. राष्ट्रिय फल प्रवर्द्धन कार्यक्रम।

| क्र.श. | मूल्याङ्कनको आधार | अंकभार |
|---|---|---|
| | सुन्तला फलफूल बगैंचा स्थापना भएको/गर्ने भनिएको स्थानको भौगोलिक अवस्थिति र हावापानी | २० |

| | | |
|---|---|---|
| | उपयुक्त भएको | |
| १. | सुन्तला फलफूल बगैँचा स्थापना भएको/गर्ने भनिएको स्थानको भौगोलिक अवस्थिति र हावापानी उपयुक्त नभएको | ० |
| | सुन्तला फलफूल बगैँचा स्थापना भएको/गर्ने भनिएको स्थानमा आवश्यक भौतिक पूर्वाधार (बिजुली, सडक, सिँचाई) को सुविधा भएको | २० |
| २. | सुन्तला फलफूल बगैँचा स्थापना भएको/गर्ने भनिएको स्थानमा आवश्यक भौतिक पूर्वाधार (बिजुली, सडक, सिँचाई) को व्यवस्था सम्भव भएको | १० |
| | सुन्तला फलफूल बगैँचा स्थापना भएको/गर्ने भनिएको स्थानमा आवश्यक भौतिक पूर्वाधार (बिजुली, सडक, सिँचाई) को पर्याप्त सुविधा नभएको | ० |
| | सुन्तला फलफूल बगैँचा स्थापना भएको/गर्ने भनिएको जग्गाको क्षेत्रफल ३ रोपनी भन्दा बढी भएको | २० |
| | सुन्तला फलफूल बगैँचा स्थापना भएको/गर्ने भनिएको जग्गाको क्षेत्रफल १ रोपनी भन्दा बढी र ३ रोपनी भन्दा कम भएको | १५ |
| ३. | सुन्तला फलफूल बगैँचा स्थापना भएको/गर्ने भनिएको जग्गाको क्षेत्रफल १ रोपनी भन्दा कम भएको | १० |
| | स्थापित बगैँचाको व्यवस्थापकीय कृषि कार्यहरु (काँटछाँट, बोर्डो मिश्रण र बोर्डो पेस्टको प्रयोग, मलखादको प्रयोग) गरेको | २० |
| ४. | स्थापित बगैँचाको व्यवस्थापकीय कृषि कार्यहरु (काँटछाँट, बोर्डो मिश्रण र बोर्डो पेस्टको प्रयोग, मलखादको प्रयोग) नगरेको | ० |
| | स्थापित बगैँचा वा नयाँ स्थापना गर्ने बगैँचामा ३०० भन्दा बढी विरुवा रोपण गरेको/गर्ने भनिएको | २० |
| ५. | स्थापित बगैँचा वा नयाँ स्थापना गर्ने बगैँचामा १०० भन्दा बढी ३०० भन्दा कम विरुवा रोपण गरेको/गर्ने भनिएको | १५ |
| | स्थापित बगैँचा वा नयाँ स्थापना गर्ने बगैँचामा १०० भन्दा कम विरुवा रोपण गरेको/गर्ने भनिएको | १० |

२. रैथानेबाली प्रवर्द्धन कार्यक्रम।

| क्र.श. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १. | हाल खेती गरिराखेको रैथानेबालीहरुको क्षेत्रफल (अधिकतमलाई प्राथमिकता) | १० |
| २. | रैथाने बालीहरुको क्षेत्रफल विस्तारको सम्भावना | १० |
| ३. | रैथाने बालीहरुको वार्षिक उत्पादन | १० |
| ४. | सम्भावित लाभान्वित वर्गको सङ्ख्या | १० |
| ५. | कृषि व्यवसायबाट जीविकोपार्जन गर्ने गरेको | १० |
| ६. | सामूहिक प्रयोग | १० |
| ७. | चालू आर्थिक वर्षमा संचालित अनुदानका कुनै पनि कार्यक्रममा समावेश नभएको र विगत तीन वर्षमा सोही प्रकृतिको अनुदानका कार्यक्रममा समावेश नभएको | १० |
| ८. | पालिकाभन्दा बाहिर रैथाने उपजहरु निर्यात गरे/नगरेको विवरण | १० |

| | | |
|---|---|---|
| ९. | रैथाने बालीहरुको बजारीकरणको प्रष्ट योजना र सम्भावना भएको समूह/सहकारी | १० |
| १०. | लागत साझेदारी गर्ने रकमको श्रोत सुनिश्चित भए/नभएको | १० |

३. साना सिँचाइ प्रवर्द्धन कार्यक्रम।

| क्र.श. | विवरण | मूल्याङ्कनको आधार | अंकभार |
|---|---|---|---|
| १. | पानीको श्रोत | बाह्रै महिना सिँचाइको लागि पानीको स्थायी श्रोत भएको | २० |
| | | मौसमी सिँचाइको लागि मात्र पानीको श्रोत भएको | १० |
| २. | सिँचित हुने क्षेत्रफल | २० रोपनी भन्दा माथि | २० |
| | | १०-२० रोपनी सम्म | १५ |
| | | १० रोपनी भन्दा कम | १० |
| ३. | लाभान्वित कृषक घरधुरी | १५ भन्दा बढी घरधुरी | २० |
| | | ५-१५ सम्म घरधुरी | १५ |
| | | ५ भन्दा कम घरधुरी | १० |
| ४. | सिँचाइ संरचनाको स्थिति | सिँचाइको सुविधा नभएको जग्गामा नयाँ सिँचाइ संरचना निर्माण | २० |
| | | पुरानो सिँचाइ संरचनाको मर्मत सम्भार | १५ |
| ५. | बाली सघनतामा वृद्धि | १०० प्रतिशत भन्दा बढी | २० |
| | | ५०-१०० प्रतिशत सम्म | १५ |
| | | ५० प्रतिशत भन्दा कम | १० |

छ) कुम्मायक गाउँपालिका कृषि विकास शाखाबाट आ.व. २०८१/०८२ मा वितरण गरिएको पोखरी प्लाष्टिकका अनुदानग्राही शान्तादेवी कुँवरले आफुले प्राप्त गरेको प्लाष्टिकमा एक ठाउँ प्वाल रहेको र सिउनीमा पनि च्यातिएकाले पानी संकलन र भण्डारण गरि सिँचाई गर्न नसकिएको भनि त्यसको साट्टो नयाँ प्लाष्टिक पाउँ भनि निवेदन दिएकाले वितरण गरिएको प्लाष्टिक आपूर्तिकर्ता कम्पनीमा फिर्ता गर्न लाग्ने खर्च पालिकाले व्यहोर्ने र निजलाई कम्पनीमार्फत नयाँ पोखरी प्लाष्टिक उपलब्ध गराउने निर्णय गरियो।